# पूर्वाञ्चल विश्वविद्यालय

## गोठगाउँ, मोरङ

## संकाय डीनको नियुक्तिका लागि खोज तथा सिफारिस सम्बन्धी प्रकृया ,योग्यता तथा मापदण्ड -२०८१

पूर्वाञ्चल विश्वविद्यालयमा संकाय डीन पदको नियुक्तिका लागि निश्चित आधार र मापदण्ड बनाई उक्त पदको छनोटलाई पारदर्शी, योग्यतामा आधारित बनाउनका लागि शैक्षिक योग्यता, कार्य अनुभव, जेष्ठता, व्यवस्थापकीय क्षमता, प्राज्ञिक अनुसन्धान र प्रकाशनमा आधारित भएर खोज गरी नियुक्तिका लागि सिफारिस गर्नु वाञ्छनीय भएकाले पू.वि. नियमावली २०५३ (सैतीसौँ सभासम्मको संशोधन सहित)को खण्ड क परिच्छेद ५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी "पूर्वाञ्चल विश्वविद्यालयमा संकाय डीनको नियुक्तिका लागि खोज तथा सिफारिस सम्बन्धी प्रकृया ,योग्यता तथा मापदण्ड" निर्धारण गरिएको छ ।

### (१) संकाय डीन नियुक्तिका लागि सिफारिसका प्रकृया

संकाय डीनको नियुक्तिका लागि एक जना संयोजक रहने गरी अन्य दुई जना प्राध्यापक सम्मिलित तीन सदस्यीय खोज तथा सिफारिस समितिको गठन कार्यकारी परिषद् बाट गरिनेछ । उक्त समितिले बढीमा १५ दिनभित्र (आवश्यक परे कार्यकारी परिषद्ले म्याद थप गर्न सक्ने गरी) पू.वि.नियमावली २०५३ (सैतीसौँ सभासम्मको संशोधन सहित)को खण्ड ख परिच्छेद ३ को दफा १०(२) बमोजिम) न्यूनतम योग्यता पुगेका योग्य तथा इच्छुक व्यक्तिहरु मध्ये बाट खोज गरी २ (दुई) जनाको नाम बर्णानुक्रमानुसार सिफारिस गर्नेछ । कार्यकारी परिषद्ले सिफारिस गरिएका नामहरु मध्येवाट एकजना लाई डीनमा नियुक्ति गर्नेछ ।

### (२) डीन सिफारिसका न्यूनतम योग्यता र मापदण्ड:

डीन पदको लागि आवश्यक न्यूनतम योग्यता र मापदण्ड देहायबमोजिम निर्धारण गरिएको छ ।

(क) नेपाली नागरिक ।

(ख) न्यूनतम स्नात्तकोत्तर उपाधि प्राप्त गरेको । विदेशी विश्वविद्यालयबाट शैक्षिक योग्यताको उपाधि प्राप्त गरेको भए समकक्षताको प्रमाणपत्र अनिवार्य रुपमा समावेश गर्नुपर्ने ।

(ग) नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयमा सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा कम्तीमा पनि १५ बर्षको कार्यानुभव भएको ।

(घ) उच्च शिक्षाको क्षेत्रमा काम गरेको अनुभव प्राप्त तथा विगतको शैक्षिक, प्राज्ञिक तथा प्रशासकीय अभिलेख उत्कृष्ट भएको ।

(ङ) नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयमा पदाधिकारीमा रही व्यवस्थापकीय/प्रशासकीय पदमा काम गरेको भए विशेष प्राथमिकता दिने ।

(च) शैक्षिक/प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको र अनुसन्धान परियोजनामा आधारित सन्दर्भपुस्तकहरु प्रकाशन गरेको भए विशेष प्राथमिकता दिने ।

(छ) विद्यावारिधी गरेको,अनुसन्धन गरेको,राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलनमा सहभागिता /प्रस्तुतीकरण /सहकार्य/ अनुसन्धानमूलक लेख, पाठयपुस्तक,अनुसन्धानमूलक लेख, प्रकाशित गरेको ।

# पूर्वाञ्चल विश्वविद्यालय
## गोठगाउँ, मोरङ

(ञ) पूर्ण कार्यकाल डीनको रूपमा काम गर्न सक्ने गरी पू.वि. नियमावली २०५३ (सैतीसौँ सभासम्मको संशोधन सहित) को खण्ड ख परिच्छेद ७ को दफा ५७ (१) अनुसार उमेर रहेको।

(ट) पूर्वाञ्चल विश्वविद्यालयको प्राज्ञिक परिषद् ,विद्या परिषद् तथा विषय समितिहरुमा अध्यक्ष वा सदस्यको रुपमा प्रतिनिधित्व गरी कार्य अनुभव भएको भए विशेष प्राथमिकता दिने।

(ठ) पूर्वाञ्चल विश्वविद्यालयमा कार्यरत प्राध्यापकलाई विशेष प्राथमिकता दिईने।

(ड) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको।

(ढ) विश्वविद्यालयसँग कुनै पनि व्यक्तिगत स्वार्थ नबाझिएको, नीजि क्याम्पस कलेजहरुमा सँलग्नता नरहेको।

(ण) बौद्धिक चोरीको विवादमा नपरेको।

कार्यकारी परिषद्बाट स्वीकृत